# <u>प्रेस विज्ञप्ति</u>

**नेपाल मेडिसिटीद्वारा CHiME नेपाल कम्युनिटीको स्थापना, नेपाल अब विश्व डिजिटल स्वास्थ्य सञ्जालसँग जोडियो**

काठमाडौं, वैशाख २५ – Nepal Mediciti Hospital ले मे ८ मा नेपालमै पहिलो पटक College of Healthcare Information Management Executives (CHiME) को बैठक आयोजना गर्दै नेपाललाई औपचारिक रूपमा CHiME India Chapter को Sub-Chapter का रूपमा स्थापना गरेको छ।

यस ऐतिहासिक कार्यक्रममा नेपालका १५ वटा निजी तथा सरकारी अस्पतालका स्वास्थ्य सूचना प्रविधि (Healthcare IT) क्षेत्रका विज्ञहरूको सहभागिता रहेको थियो। CHiME विश्वभर डिजिटल स्वास्थ्य नेतृत्व प्रवर्द्धन गर्ने प्रतिष्ठित गैरनाफामूलक अन्तर्राष्ट्रिय संस्था हो। नेपालमा यसको विस्तारसँगै देशको स्वास्थ्य प्रणालीलाई आधुनिक, प्रविधिमैत्री र अन्तर्राष्ट्रिय स्तरसँग जोड्ने दिशामा महत्वपूर्ण कदम चालिएको मानिएको छ।

नेपाल मेडिसिटीका Chief Digital & Information Officer तथा CHiME India Board सदस्य Sudhakar Rai ले CHiME मा नेपालको सहभागिताले देशको स्वास्थ्य सूचना प्रणालीलाई अन्तर्राष्ट्रिय मापदण्डसँग समायोजन गर्न ठूलो अवसर प्रदान गर्ने बताउनुभयो। उहाँका अनुसार अब नेपाली स्वास्थ्य सूचना प्रविधि विज्ञहरूले विश्वस्तरीय ज्ञान, नवीन प्रविधि तथा उत्कृष्ट अभ्यासहरूसँग प्रत्यक्ष पहुँच प्राप्त गर्नेछन्, जसले नेपालको स्वास्थ्य सेवाको गुणस्तर अभिवृद्धिमा योगदान पुर्‍याउनेछ।

बैठकमार्फत "CHiME Nepal Community" को औपचारिक स्थापना गरिएको छ। यो सञ्जालले नेपालका Healthcare IT नेतृत्वकर्ताहरूलाई स्वास्थ्य सूचना व्यवस्थापनका अन्तर्राष्ट्रिय उत्कृष्ट अभ्यास, डिजिटल स्वास्थ्य तथा साइबर सुरक्षा फ्रेमवर्क, टेलिहेल्थ तथा रिमोट केयर मापदण्ड, नेतृत्व विकास तथा अन्तर्राष्ट्रिय प्रमाणिकरण कार्यक्रम, साथै नीतिगत पैरवीका अवसरहरू उपलब्ध गराउनेछ।

कार्यक्रममा CHiME India Board का प्रतिनिधिहरू तथा भारतका विभिन्न अस्पतालका Healthcare IT विज्ञहरू भर्चुअल रूपमा सहभागी भएका थिए। CHiME India Board ले नेपालसँग सहकार्य गर्दै साझा नवप्रवर्तन, अन्तर्राष्ट्रिय अनुभव तथा विश्वस्तरीय मापदण्डमार्फत नेपालको डिजिटल स्वास्थ्य रूपान्तरणलाई तीव्रता दिने प्रतिबद्धता जनाएको छ।

हालै नेपाल मेडिसिटीले भारतको हैदराबादमा आयोजित The International Health Dialogue (THID) – Transforming Healthcare with IT Conference मा 'Excellence in Remote Healthcare' अवार्ड समेत प्राप्त गरेको थियो। उक्त सम्मान अस्पतालको टेलिहेल्थ, टेलिमेडिसिन, TeleICU सेवा तथा स्मार्ट अस्पताल प्रणालीमार्फत दुर्गम क्षेत्रसम्म गुणस्तरीय स्वास्थ्य सेवा पुर्‍याएको योगदानका लागि प्रदान गरिएको हो।

नेपाल मेडिसिटीका अनुसार CHiME को नेपालमा उपस्थितिले डिजिटल स्वास्थ्य रूपान्तरणलाई गति दिनुका साथै अन्तर्राष्ट्रिय सहकार्य, अनुसन्धान, प्रमाणिकरण तथा नीतिगत समन्वयका नयाँ अवसरहरू सिर्जना गर्नेछ, जसको प्रत्यक्ष लाभ नेपाली बिरामीहरूले प्राप्त गर्नेछन्।